# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२३ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१७१ मिति २०८१/१२/२१ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. २७१२ मिति २०८२/११/११ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन, धौटी जातका गोलिया थान ३८ को ७७५.८९ क्यू.फिट काठ र ४.२५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

## श्री पन्नहवा सामुदायिक वन उपभोक्ता समूह

नरैनापुर गा.पा.-०१, बाँके

# तनहुँ जलविद्युत् आयोजनाद्वारा ९२ योजना




तनहुँ, फागुन २२ । तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामार्फत ९२ वटा योजना सम्पन्न भएका छन् । आयोजनाको प्रभावित क्षेत्रमा सामुदायिक उत्तरदायित्वअन्तर्गत ९२ योजना सम्पन्न भएका हुन् भने आठ वटा सञ्चालनमा आएका छन् । आयोजना प्रमुख श्यामजी भण्डारीले आयोजनाको सामुदायिक विकास कार्यक्रमअन्तर्गत प्रभावित क्षेत्रहरूमा उपभोक्ता समितिमार्फत सामुदायिक विकास तथा जीविकोपार्जन पुनःस्थापन कार्यक्रम सञ्चालन गरिएको बताए । उपभोक्ता समितिमार्फत सञ्चालित योजना वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकबाट नियमित रूपमा अनुगमन गरिएको उनको भनाइ छ ।

उनका अनुसार ऋषिङ-७ स्थित माछदाङ टुनीबोट ट्रेल पुलसम्मको पहुँच सडक, म्याग्दे गाउँपालिका-३ स्थित किलचोक शाखा सडकको नाला निर्माण, भिमाद नगरपालिका-५ स्थित फेदीखोला मोटरेवल पुल निर्माण, ऋषिङ गाउँपालिका-७ स्थित डाँडीवन चुलेसी पहुँच मार्ग, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेती नदीमाथि चुलेसी, टुनीबोटे, ब्ल्याङ र टुटुवामा गरिने चारवटा झोलुङ्गे पुलका लागि लठ्ठा आपूर्ति तथा ढुवानी, वानटाङ खोलामा पक्की पुल निर्माण, व्यास नगरपालिका-५ पाटनमा पहुँच सडकसँग जोडिएको स्थानबाट गाउँतर्फ जाने सडक र ऋषिङ गाउँपालिका-१ स्थित खानेपानी मुहान तथा पाइप सुधार सहयोग कार्यक्रम सञ्चालनमा रहेका छन् ।

आयोजना निर्माणका लागि समुदायको महत्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको भण्डारीले बताए । उनले भने, 'समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौँ, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ ।' आयोजनाको चरण-१ अन्तर्गत बाँधसहित संरचना (हेडवर्क्स), चरण-२ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र चरण-३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकारको समन्वयमा नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# कर्णालीको बगरमा लोभलाग्दो प्याजखेती

कैलाली, फागुन २२ । टीकापुर नगरपालिका-८ का पुनिराम थारू पाँच वर्ष पहिलेदेखि कर्णाली नदीको किनारमा बगरखेती गर्दै आउनुभएको छ । सिँचाइको सहजता हुने र उत्पादन पनि राम्रो दिने भएपछि उनले कर्णाली नदी किनार तथा टापुको सदुपयोग गर्दै खेती गर्दै आएका छन् । उनले त्यस क्षेत्रमा प्याजखेतीलाई प्राथमिकता दिएका छन् । उनको प्याजखेती निकै लोभलाग्दो छ । बर्सेनि १० देखि १२ क्विन्टल प्याज नदी टापुबाट उत्पादन गर्दै आएका उनले प्याजसँगै धनिया, मकै, बन्दागोभी, टमाटरसमेत उत्पादन गर्नुभएको छ । "बालुवामा प्याजले राम्रो उत्पादन दिन्छ । प्याजलाई सिँचाइ धेरै चाहिने हुँदा सिँचाइको सहजता हुँदा प्याज राम्रो उत्पादन हुन्छ ।' यनले भने 'खाली खेर गइरहेको बगरको सदुपयोग भएको छ, स्थानीयको आम्दानीको स्रोत बनेको छ ।'



कैलालीको टीकापुर र बर्दियाको राजापुर नगरपालिका जोड्ने सत्ती पुल आसपास क्षेत्रमा आजभोलि हरियाली छ । ढुङ्गा नभएको बालुवा भएको क्षेत्रमा सानासाना प्लट बनाइएका छन् । जहाँ लहरै प्याजको खेती छ । वडा नं ८ फाँटागाउँका ५०-६० घरपरिवारले कर्णाली नदी किनार तथा टापुमा प्याजखेती गर्दै आएका छन् । बर्सेनि उक्त स‌ङ्ख्या बढ्दै गएको देखिन्छ । बगरबाट बर्सेनि लगभग ७०० क्विन्टल बढी प्याज उत्पादन हुने गरेको छ । 'एक परिवारले न्यूनतम पाँच-छ क्विन्टल प्याज उत्पादन गर्नुहुन्छ । उत्पादन सोचेभन्दा राम्रो हुन्छ ।' स्थानीय सम्झना चौधरी भन्छिन्, 'अहिले बगरमा खेती गर्ने किसानको स‌ङ्ख्या पनि बढेको छ । पहिलेको भन्दा क्षेत्र पनि बढेको छ ।' उनले अन्य खेतबारीमा लगाएको प्याजभन्दा बगरमा गरेको प्याजको उत्पादन राम्रो हुने गरेको बताए । टीकापुर नगरपालिका-८ बटनपुरकी सम्पुर्नी चौधरीले पहिलोपटक नदीको टापुमा प्याजखेती गरेकी छिन् ।

गत वर्ष अरुले खेती गरेको देखेर यसपटक पाँच केजी प्याज लगाएकी उनले सोचेभन्दा राम्रो उत्पादन दिनेमा विश्वस्त छिन् । हरेक बिहान प्याज सिँचाइ गर्न पुग्नुहुने सम्पुर्नीलाई आजभोलि अलि बढी खेती गरेको भए हुने थियो भन्ने लागेको छ । 'मैले अपेक्षा गरेभन्दा राम्रो गरी प्याज फस्टाएको छ । बालुवाभित्रको जमिन ओसिलो हुने हुँदा होला, घामपानीको मात्रा मिलेको देखिन्छ', सम्पुर्नी भन्छिन्, 'मैले घरमा लगाएको प्याजभन्दा राम्रो बगरको भएको छ ।'

बटनपुरकै पहारी चौधरीले पनि पहिलोपटक बगरमा प्याजखेती सुरु गरेकी छन् । खेर गइरहेको बगरबाट उत्पादन हुन्छ भन्ने थाहा पाएपछि उनले आफूलाई घरका लागि चाहिने जति प्याज रोपेकी छिन् । 'मलाई बिक्री गरेर आम्दानी गर्नुभन्दा पनि आफूलाई वर्षभरि पुग्ने प्याज उत्पादन भए पुग्छ', उनि भन्छिन्, 'बरु अर्को वर्ष बिक्री गर्नेगरी लगाउनुपर्ला ।' बगरमा नयाँ किसानले परीक्षण गर्न भन्दै प्याजखेती गर्ने गरेको भए पनि विगतदेखि खेती गर्दै आएका किसानले व्यावसायिक रूपमा नै बगरको सदुपयोग गर्दै आएका छन् । खेती गरेबापत कसैलाई केही दिन नपर्ने भएपछि किसानले झन् उत्साहित भएर खेती विस्तार गर्दै आएका छन् ।

अस्वाभाविक रूपमा बगरबाट आम्दानी गर्न थालेपछि त्यस क्षेत्रका नागरिकहरू निकै उत्साहित छन् । सामान्य मलखाद अनि कम मिहेनतले राम्रो आम्दानी हुने गरेको छ । वर्षात्को समयमा त्यहीँ कर्णाली नदीका कारण रातभर जाग्राम बस्ने वस्ती आजभोलि त्यहीँ कर्णाली नदीका बालुवाका फाँटको उत्पादनले वर्षात्को पीडा बिर्सने गरेका छन् ।

'वर्षात्को समयमा यहीँ कर्णालीको बेगले जतिबेला जे पनि हुनसक्छ भन्ने चिन्ताले सताउने गर्छ । हिउँदमा निदाएको कर्णालीले स्थानीयलाई राम्रो आम्दानी दिँदै आएको छ ।' स्थानीय बृहस्पति थरूनी भन्छिन्, 'किसान आजभोलि त्यो बर्खाको दुःख सम्झिँदैनन्, बर्खामा आजभोलि दिने उत्पादन बिर्सन्छन् ।' रासस

# वीरगञ्ज हुँदै पाँच खर्ब १९ अर्बको सामान आयात




वीरगञ्ज , फागुन २२ । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु पाँच खर्ब १९ अर्ब एक करोड मूल्य बराबरका वस्तु तथा सामान आयात गरिएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा रु ५७ अर्ब ३१ करोड अर्थात् १२ प्रतिशत बढी सामान आयात भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा आयातमा उल्लेखनीय वृद्धि भएको बताए । 'चालु आवमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सामानहरुको आयातको हिस्सा बढी देखिन्छ,' उहाँले भन्नुभयो । गत आवको सात महिनामा रु चार खर्ब ६० अर्ब २३ करोड मूल्य बराबरका सामान आयात भएको थियो ।

चालु आवको सात महिनामा रु एक खर्ब छ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात गरिएको छ । त्यसैगरी, रु ४६ अर्ब १६ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरुको आयात गरिएको छ । सोही अवधिमा रु ३५ अर्ब ८७ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात गरिएको छ । रु ३५ अर्ब ६७ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको जनाइएको छ । रु २७ अर्ब ९८ करोड मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जाको आयात गरिएको भन्सार कार्यालयले जनाएको छ ।

# भुल्केगाउँका स्थानीयको पानीको समस्या अन्त्य



भोजपुर, फागुन २२ । रामप्रसादराई गाउँपालिका-३ भुल्केमा लामो समयदेखि रहँदै आएको खानेपानीको समस्या अन्त्य भएको छ । पुस्तौँदेखि पिउने पानीको अभाव झेल्दै आएका यहाँका स्थानीय अहिले प्रत्येक घरमा धारा जडान भएपछि राहत महसुस गरिरहेका छन् ।

गाउँका ४६८ घरमा 'एक घर, एक धारा' अभियानमार्फत पिउने पानी वितरण गरिएपछि स्थानीय बासिन्दा उत्साहित भएका छन् । घरघरमा धारा पुगेसँगै घण्टौँसम्म पानी बोकेर ल्याउनुपर्ने बाध्यता हटेको छ ।

स्थानीय कल्पना भट्टराईका अनुसार घरमै धारा जडान भएपछि वर्षौंदेखिको समस्या समाधान भएको छ । पहिले घरमा धारा नहुँदा निकै सास्ती थियो, टाढाबाट बोकेर पानी ल्याउनुपर्थ्यो । अहिले घरमै पानी आउँदा धेरै सहज भएको छ । अर्की स्थानीय सरस्वती भट्टराईले पनि विगत सम्झिँदै भनिन्, 'घरभन्दा परका तीनवटा धाराबाट डोको बोकेर पानी ल्याउनुपर्थ्यो, अहिले आँगनमै धारा जडान भएपछि सरसफाइमा सहज भएको छ । खेर जाने पानी करेसाबारीमा प्रयोग गरिरहेका छौँ ।'

वडाध्यक्ष रामु थापामगरका अनुसार वडाभरिका सबै ४६८ घरमा धारा जडान सम्पन्न गरिएको छ । एक घर, एक धारा अभियान सफल भएको छ । अब स्थानीयले वर्षौंदेखिको पानीको समस्या भोग्नुपर्दैन । धारा जडानसँगै स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिँदै वडाले 'एक घर, एक फिल्टर' अभियान पनि सञ्चालन गरेको जनाएको छ । पानीजन्य रोगबाट बच्न प्रत्येक घरमा पानी फिल्टरसमेत वितरण गरिएको छ ।

# घाँसेमैदान व्यवस्थापन गर्न नियन्त्रित डढेलो




चितवन, फागुन २२ । चितवन राष्ट्रिय निकुञ्जभित्र घाँसे मैदान व्यवस्थापन गर्न नियन्त्रित डढेलो लगाउन सुरु गरिएको छ । वर्षायाममा घाँसे मैदानमा बढेका ढड्डी घाँस, अतिक्रमित झार फैलिन नदिई नियन्त्रित डढेलो लगाउन सुरु गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार निकुञ्जका घाँसे मैदानमा प्रत्येक वर्ष नियन्त्रित डढेलो लगाउने गरिन्छ । हाल भिम्ले, सुखिभार र कसरा क्षेत्रमा नियन्त्रित डढेलो लगाउन सुरु गरिएको उनले जानकारी दिए । क्रमशः अन्य क्षेत्रहरुमा नियन्तित्र डढेलो लगाइनेछ ।

उक्त कार्यका लागि निकुञ्जका ३० जना कर्मचारी खटिएका छन् । सूचना अधिारी मगरले भने, 'नियन्त्रित डढेलो लगाएपछि ठूलो डढेलोको सम्भावना टर्छ ।' यसले वन र वन्यजन्तुमा ठूलो असर नपर्ने र घाँसे मैदान व्यवस्थापनमा सहयोग पुग्ने उनले बताए । नियन्त्रित डढेलो लगाउन निकुञ्जका घाँसे मैदानमा एक महिना लाग्ने उनले जानकारी दिए । घाँसे मैदानलाई खण्ड खण्ड बनाएर डढेलो लगाइन्छ ।

**शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/११/२३ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१७१ मिति २०८१/१२/२१ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. २७१२ मिति २०८२/११/११ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल,कर्मा, जामुन, धौटी जातका गोलिया थान ३८ को ७७५.८९ क्यू.फिट काठ र ४.२५ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका सःमिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री पन्नहवा सामुदायिक वन उपभोक्ता समूह**
नरैनापुर गा.पा.–०१, बाँके

# चन्दा उठाएर रामजानकी मन्दिर मर्मत

कञ्चनपुर, फागुन २२ । जीर्ण अवस्थामा रहेको शुक्लाफाँटा नगरपालिका-११ कलुवापुरस्थित रामजानकी मन्दिरलाई मर्मतसँगै रङरोगनको कार्य गरी चिटिक्क पारिएको छ । श्रद्धालुहरूको चन्दा सहयोगले मन्दिर मर्मत गरी नयाँ स्वरुप पाएको हो । पुरानो पर्खाल भत्काएर नयाँ बनाई त्यसमा स्टिलको रेलिङ राखिएको छ । मन्दिरको मुख्य गेट नयाँ 'डिजाइन'मा पुनर्निर्माण गरिएको छ । मुख्य गेटदेखि मन्दिरसम्मको बाटो ढलान गरी भक्तजनको आवागमन सहज बनाएको रामजानकी धाम तथा पर्यटकीय विकास समितिका अध्यक्ष प्रकाशसिंह ऐरले बताए । 'मन्दिरको शोभा बढाउन चारैतिर हरियाली र रङ्गीन फूलहरूले सजिएको बगैँचा निर्माण गरेका छौँ, मन्दिर परिसरमा भक्तजन बस्नका लागि चौतारो पनि बनाएका छौँ, यो सबै कार्य स्वदेश र विदेशमा बस्ने भक्तजनहरूको सहयोगले सम्भव भएको छ ।' करिब पाँच दशकअघि स्थानीयले चन्दा सङ्कलन गरेर निर्माण गरेको यो मन्दिर पछिल्ला वर्षहरूमा जीर्ण अवस्थामा पुगेको थियो । 'मन्दिरको वर्षौं पहिले ढलान गरिएको छतको ठाउँठाउँबाट प्लास्टर उप्किएका थिए, छाना चुहिने गरेको थियो ।', उनले भने, 'त्यो सबै मर्मत गरी रङरोगनको गरी मन्दिरलाई पुरानै स्वरुपमा फर्काएका छौँ ।'

अध्यक्ष ऐरका अनुसार मन्दिर जीर्णोद्धारका लागि श्रीकृष्ण सामुदायिक वनले रु पाँच लाख सहयोग गरेको छ भने स्वदेश र विदेशमा बस्ने चन्दादाताबाट सङ्कलित रु दुई लाखभन्दा बढी रकम मन्दिरको मर्मतमा खर्च गरिएको छ । मन्दिरमा विवाह गर्ने जोडीहरूबाट लिइने शुल्कबापत सङ्कलित रु ४५ हजार पनि पुनर्निर्माणमा प्रयोग गरिएको उहाँले जानकारी दिए । 'सबैको सहयोगले मन्दिरलाई फेरि पुरानै स्वरुपमा फर्काउन सकेका छौँ', उनले भने । मन्दिर परिसरमा यसअघि संसदीय विकास कोषमार्फत रु १० लाखमा यज्ञशाला र शौचालय निर्माण गरिएको थियो । मन्दिरमा अहिले विवाह, व्रतबन्ध, पूजापाठ, रामनवमी र धार्मिक कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएका छन् । रामनवमीका अवसरमा यहाँ भक्तजनको घुइँचो लाग्ने गर्छ । मन्दिर परिसरमा १०८ शिवलिङ्गसहितको चक्रव्यूह, रामजानकीको मुख्य मन्दिर, यज्ञशाला, विवाहमण्डप, गोरखनाथ र शिवपार्वती मन्दिरसमेत रहेका छन् ।

अध्यक्ष ऐरका अनुसार केही सामान उधारोमै खरिद गरिएको हुनाले बाँकी ऋण तिर्न मुठ्ठीदान अभियान सुरु गर्ने तयारी गरिएको छ । मुठ्ठिदानबाट बचेको रकमले विद्युत् वायरिङ र मन्दिरका अन्य संरचना सुधारमा खर्च गरिने योजना रहेको उनले बताए । स्थानीय समाजसेवी चन्द्रबहादुर ऐरले भने, 'मन्दिरको सुधारपछि अब मन्दिर हेर्दा मन लोभ्याउँछ, चारैतिर फूलबारी, नयाँ रेलिङ र उज्यालो बत्तीले सुन्दरता झन् बढेको छ ।' उनका अनुसार मन्दिर क्षेत्रको जग्गा जोगाउनका लागि पर्खाल आवश्यक रहेको छ । त्यसका लागि सबैको सहयोगको आवश्यकता रहेको छ । यो हाम्रो धार्मिक सम्पदा हो, यसलाई जोगाउन स्थानीय, प्रदेश र सङ्घीय सरकारले चासो देखाउनुपर्छ ।

रामजानकी मन्दिरको पुनर्निर्माणसँगै कलुवापुर क्षेत्र धार्मिक, सांस्कृतिक र पर्यटकीय रूपमा आकर्षणको केन्द्र बन्दै गएको छ । साँझपख मन्दिर र त्यसको परिसरमा झिलमिल बत्ती र फूलबारीको सौन्दर्यताले भरिएको मन्दिर परिसर अहिले भक्तजनमात्र होइन । आन्तरिक पर्यटकका लागि पनि लोभलाग्दो गन्तव्य बनेको छ ।

**स्वास्थ्य परामर्श तथा उपचार**
071-538893
9847352127

**पायल्स, फिसर, फिस्टुलाको क्षारशूत्र विधिबाट सफल उपचार**

**हाम्रा सेवाहरू**
- यौन चाहाना नहुने, उत्तेजना नहुने
- सिध्र स्खलन हुने
- ग्यास्ट्राइटिस, अलसर, IBS तथा पेट सम्बन्धी रोगहरू
- जोर्नि दुखाई, बाथ, युरिंक एसिड बढेको
- पथ्थरी , प्रोस्टेट सुन्निएको रोग
- चाया, पोतो, दाज तथा छाला रोग
- सुगर, प्रेसर, थाइरोइड रोगको उपचार

दैनिक रुपमा चिकित्सकद्वारा स्वास्थ्य सम्बन्धि परामर्श र सम्पुर्ण रोगको सफल उपचार गरिन्छ ।

**डा. हेमन्त बन्जाडे**
आयुर्वेद चिकित्सक
फो. नं. 9867845678

**माता मनकामना आरोग्य केन्द्र**
राजमार्ग चौराहा, बुटवल
ॐ मिष्ठान्नको माथिल्लो तल्ला

**इट्टा चाहिएमा !**

तपाईहरुको शहर भैरहवा बुटबलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फयाक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

**मालपोत कार्यालय अर्घाखाँचीबाट जनकला पुन नामको जग्गा नामसारी सम्बन्धी विषयमा मिति २०८२।११।०८ मा जारी भएको ३५ दिने सार्वजनिक सूचना**

अर्घाखाँची भुमिकास्थान नगरपलिका वडा नं.–०७, निवासी नर बहादुर पुन मगरको छोरा अमर बहादुर पुन आफ्नो भाई बुहारी धन बहादुर पुन मगरको नातिनी बुहारी तिल बहादुर पुन मगरको छोरा बुहारी जग बहादुर पुन मगरको श्रीमती जनकला पुन मगरको नमिति २०७८।०५।१६ गते र मृतक जनकला पुन मगरको श्रीमान जग बहादुर पुन मगरको मिति २०७१।११।१८ गते मृत्यु निज जग बहादुर पुन मगर र जनकला पुन मगरबाट कुनै सन्तान नभएको र अन्य सहोदर दाजुभाइ मध्येको हकदार समेत कोही नभएको हुँदा मृत्यु अघिसम्म पालनपोषण र मृत्युपश्यात काज क्रिया समेत अमर बहादर पुन मगरले गरेको हुंदा मृतक जनकला पुन मगरको नाममा रहेको नुवाकोट गाविस वडा नं ७ मा पर्ने कि नं १५०७ क्षेत्रफल ३१.७९ का जग्गाहरु मृतक जग्गाधनीको माइला ससुराका नाती नर बहादुर पुन मगरका छोरा नाताले जेठाजु पर्ने म निवेदक अमर बहादुर पुन मगर मेरो नाममा नामसारी गरि पाऊ भनि भूमिकास्थान नगरपालिका वडा नं ७ को च नं ५२८ मिति २०८२।११।०८ को सिफारिस सहित माग निवेदन पेश गरेकोमा निजको मिसिल सामेल प्रमाण कागज हेर्दा निजहरुका अन्य कोही हकदार छन्, छैनन् ? निज जनकला पुन मगर र जनकला पुन मगरबाट सन्तानको जायजन्म भएको हो वा होइन? निवेदकको माग बमोजिमको जग्गा नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? उक्त जग्गामा कोही कसैको दावी विरोध भएमा यो सूचना जारी भएको मितिले बाटोको म्यादवाहेक ३५ (पैतिस) दिनभित्र दावी विरोधका लागि स–प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा अमर बहादुर पुनको नाममा एकलौटी नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ ।

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|
| १ | सुवर्णखाल | ७ | १५०७ | ०-१-०-१ | आवादी |

कैफियत : जग्गाधनिको नाम : जनकला पुन, नामसारी माग गर्ने : अमर बहादुर पुन